बैठक संख्या: ०२

आज मिति २०८३ साल भाद्र २ गते मंगलबार रुरुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: दिनको १:०० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

| क्र.सं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | [signature] |
| २. | उपाध्यक्ष | श्री मिना देवी गौतम | [signature] |
| ३. | सदस्य | श्री नवराज वि.के. | [signature] |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | [signature] |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | [signature] |
| ६. | सदस्य | श्री मोती प्रसाद श्रेष्ठ | [signature] |
| ७. | सदस्य | श्री हरि प्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | [signature] |
| १०. | सदस्य | श्री हरिकला वराल क्षेत्री | [signature] |
| ११. | सदस्य | श्री राजकुमारी शाही | [signature] |
| १२. | सदस्य | श्री बुद्धिमती लामिछाने | [signature] |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | [signature] |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | |
| १५. | सचिव | श्री दिनेश ज्ञवाली (प्र.प्र.अ.) | [signature] |

बैठक संचालन सहयोगी

| | |
|---|---|
| स्वास्थ्य शाखा प्रमुख श्री इन्द्रदेव पौडेल | [signature] |
| ना.सु. श्री राम प्रसाद ज्ञवाली | [signature] |
| राजस्व शाखा श्री मदन पौड्याल | [signature] |
| का.स. श्री मिना न्यौपाने | |

**२०८३ भाद्र २ गते मंगलबार दोश्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरुः**

१.कपडा बैंक संचालन सम्बन्धमा ।

२.विभिन्न पालिकाहरुसँग भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा ।

३.लामाचौपारी मन्दिर निर्माणमा व्यवस्थापन सम्बन्धमा ।

४.बार्षिक समिक्षा गोष्ठी सम्बन्धमा ।

५.एकिकृत घुम्ती शिविर संचालन सम्बन्धमा ।

६.कार्यविधीहरु स्वीकृत गर्ने सम्बन्धमा ।

७.एम्बुलेन्स र अटो रिक्सा खरिद गर्ने सम्बन्धमा ।

८.कार्यसम्पादनको आधारमा स्वास्थ्य संस्थाहरु र कर्मचारीहरुलाई पुरस्कृत गर्ने सम्बन्धमा ।

९. Upgrading Of Dhobighat Rimuwa Rudrabeni Road Ruruksheta-6 को Variation Order स्वीकृत गर्ने र सो अनुसारको बजेट व्यवस्था सम्बन्धमा ।

१०. रकम विनियोजन गर्ने सम्बन्धमा ।

## मिति २०८३ भाद्र २ गतेको दोश्रो गाउँ कार्यपालिका बैठकका निर्णयहरु:

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | वडा नं. ४ को गाउँ कार्यपालिकाको कार्यालय र वडा नं. १ को १ नं. वडा कार्यालयसँग समन्वय गरी दुई स्थानमा कपडा बैंक स्थापना गरी संचालन गर्ने । कपडा बैंक स्थापनाको लागि रु. २ लाखका दरले जम्मा रु. ४ लाख अ.ल्या रकमबाट विनियोजन गर्ने । |
| २. | लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, बुटबल उपमहानगरपालिका र बागमती प्रदेश, काठमाडौं जिल्लाको बुढानीलकण्ठ नगरपालिका विच यस गाउँपालिकाले मित्रता, सहकार्य र आपसी सम्बन्ध विकास गर्न भगिनी सम्बन्ध कायम गर्न इच्छुक भएकोले बुटबल उपमहानगरपालिका र बुढानीलकण्ठ नगरपालिकासँग भगिनी सम्बन्ध कायम गर्न अनुरोध गर्ने । साथै उक्त उपमहानगरपालिका र नगरपालिकाले यस गाउँपालिकाको वडा नं. १ को रुरुक्षेत्र धाममा पूर्बाधार निर्माण गर्न चाहेकोले उपर्युक्त स्थानमा ऐतिहासिक तथा कलात्मक फल्चा निर्माणको लागि अनुरोध गर्ने । |
| ३. | लामाचौपारीमा निर्माण हुने मन्दिरको लागी वडा अध्यक्ष श्री नवराज वि.के. ले गाउँपालिकासँग समन्वय गरी निर्माण स्थलमा साइड क्लियर लगायतका कार्यहरु यथासिघ्र गर्ने । |
| ४. | आ.व. २०८२/०८३ को बार्षिक समिक्षा गोष्ठी मिति २०८३ साल भाद्र २४ गते बुधबार विहान १०.०० बजेबाट गाउँपालिकाको सभाहलमा संचालन गर्ने । |
| ५. | गाउँपालिकाबाट प्रवाह हुने सेवालाई जनताको घरदैलोमा पुर्याउने उद्देश्य अनुसार योजना संझौता, माटो परीक्षण लगायत कृषि विकास सम्बन्धी अन्य सेवा, पशु विकास सम्बन्धी सेवा, स्वास्थ्य सेवा, आयुर्बेद सेवा, जेष्ठ नागरिक परिचयपत्र वितरण, अपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र वितरण लगायतका सेवाहरु वडा कार्यालयहरुमा प्रदान गर्नको लागि एकिकृत घुम्ती शिविर संचालन २०८३ असोज महिनामा संचालन गर्ने । |
| ६. | आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनका लागि आवश्यक देहायका कार्यविधीहरु स्वीकृत गरी जारी गर्ने ।<br>क. रुरुक्षेत्र गाउँपालिका भित्रका अभिलेखीकृत घर बीमा कार्यक्रम संचालन कार्यविधी, २०८३<br>ख. रुरुक्षेत्र गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिकहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधी, २०८३<br>ग. उत्कृष्ट कर्मचारी छनोट तथा सम्मान सम्बन्धी कार्यविधी, २०८३ |
| ७. | यस गाउँपालिका र रुरु प्राथमिक स्वास्थ्य केन्द्रको साझेदारीमा रुरु प्राथमिक स्वास्थ्य केन्द्रले संचालन गर्ने गरी यसै साथ अनुसूचीमा उल्लेखित प्राविधिक स्पेशिफिकेसन अनुसारको १ थान एम्बुलेन्स क्याटलग सपिङ्ग विधीबाट खरिद गरी स्वास्थ्य केन्द्रलाई उपलब्ध गराउने ।साथै |

| | |
|---|---|
| | रास्ती गाउँपालिका, दाङ्गबाट अटो रिक्सा खरिदको रकम भुक्तानी दिने भएकोले १ थान विद्युतिय अटो रिक्सा खरिद गर्ने । |
| ८. | गत आ.व. २०८२/०८३ मा प्रवाह भएको विभिन्न सेवाहरुको स्वास्थ्य शाखाबाट पेश भएको सूचकको आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी सोही मूल्याङ्कनको आधारमा पुरस्कृत गर्ने । स्वास्थ्य संस्थाहरुलाई प्रथम रु. २५ हजार नगद, प्रमाणपत्र, मायाको चिनो, द्धितिय रु. २० हजार नगद, प्रमाणपत्र, मायाको चिनो, तृतीय रु. १५ हजार नगद, प्रमाणपत्र, मायाको चिनो उपलब्ध गराउने, सो रकम स्वास्थ्य संस्थाहरुले व्यवस्थापन समितिको निर्णयका आधारमा खर्च गर्ने। साथै उत्कृष्ट कार्य सम्पादन गर्ने स्वास्थ्य संस्थाका प्रमुख र कार्यालय सहयोगीलाई समेत क्रमशः रु. ५ हजार र रु. २ हजार नगद, प्रमाणपत्र, मायाको चिनो, दोसल्लाले सम्मान गर्ने । |
| ९. | Upgrading Of Dhobighat Rimuwa Rudrabeni Road Rurukshetra-6 का निर्माण व्यवसायी ROLPA-PASHUPATI J.V., घोराही-१४ ले निर्माण कार्य निर्धारित समयमा सम्पन्न गरेकोमा उक्त सडकको केही भाग परिमाण अपुग भई अलपत्र परेकोले पूर्वाधार विकाश शाखाबाट पेश भए बमोजिम सार्वजनिक खरिद ऐन र नियमाबली अनुसार Variation Order स्वीकृत गर्ने । उक्त Variation Order अनुसार निर्माण कार्य गर्दा थप हुने दायित्व अ.ल्या. रकमबाट विनियोजन गर्ने । |
| १०. | रुरुक्षेत्र गाउँपालिका वडा नं. २ निवासी श्री ज्ञान बहादुर मल्लको घर अविरल बर्षाको कारण जोखिममा परेको हुँदा घर संरक्षणको लागि वाल निर्माण लगायतका कार्य गर्न निजलाई विपद् व्यवस्थापन कोषबाट रु. ५० हजार विनियोजन गर्ने । |